अन्नपूर्ण पोस्ट
# अर्थतन्त्र
सोमवार, २९ मंसिर २०७१ | पौष कृष्णपक्ष नवमी नेपाल संवत् ११३५ | MONDAY, DECEMBER 15, 2014
काठमाडौं, इटहरी र बुटवलबाट एकैसाथ प्रकाशित

**सहस्राब्दी विकास लक्ष्यका कार्यक्रम समेट्न सुझाव**



सहस्राब्दी विकास लक्ष्य २०१५ लाई समेटेर नेपालले विकाससम्बन्धी नीति तयार गर्नुपर्ने विज्ञहरूले सुझाव दिएका छन्। साउतीका अध्यक्ष पोषराज पाण्डेले सार्क विकासका लागि निर्धारण गरिएका कार्ययोजना मध्ये नेपालले प्राथमिकता छानेर काम गर्नुपर्ने बताए।

पृष्ठ ग

annapurnapost.com

# सहस्राब्दी विकास लक्ष्यका कार्यक्रम समेट्न सुझाव

एसिया तथा एसिया प्यासिफिकका अति कम विकसित मुलुकको स्तरोन्नतिबारे तीनदिने मन्त्रिस्तरीय बैठक काठमाडौंमा मंगलबार सुरु हुँदैछ।

अन्नपूर्ण

**काठमाडौं** : सहस्राब्दी विकास लक्ष्य २०१५ लाई समेटेर नेपालले विकाससम्बन्धी नीति तथा कार्यक्रम तयार गर्नुपर्ने विज्ञहरूले सुझाव दिएका छन्। यसरी अघि बढे दक्षिण एसियाली विकास लक्ष्य र अल्पविकसित मुलुकको समूहबाट विकासशील मुलुकको समूहमा स्तरोन्नति गर्ने नेपालको लक्ष्य पूरा गर्नसमेत सहयोग पुग्ने उनीहरूले बताएका छन्।

साउथ एसिया वाच अन ट्रेड एन्ड इकोनोमी (साउती) ले राजधानीमा आइतबार आयोजना गरेको 'सहस्राब्दी विकास लक्ष्य २०१५ पछिका विकास योजना तथा १८औं सार्क शिखर सम्मेलन : नेपालको दृष्टिकोण', विषयक कार्यक्रममा सहभागी विज्ञले आगामी दिनमा सहस्राब्दी र सार्कको १८औं शिखर सम्मेलनका घोषणापत्रलाई विकास रणनीतिमा समेटेर अघि बढ्न पनि उनीहरूले सरकारलाई सुझाव दिए।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गोविन्दराज पोखरेलले सूचनाप्रविधिको प्रयोगमा जोड दिनुपर्ने बताए। यसले भौगोलिक विकटताका कारण हुने महँगो लगानी कम गर्न सहयोग पुग्ने उनको भनाइ छ।

'भौतिक पूर्वाधार तथा यातायातका कारण लगानी बढी पर्ने हुनाले नयाँ प्रविधिको प्रयोगमा ध्यान दिनुपर्छ', उनले भने। यसैगरी नेपाललाई सन् २०२२ सम्म विकासशील राष्ट्रमा स्तरोन्नति हुन पूर्वाधारमा मात्र १८ खर्बदेखि २० खर्ब चाहिने भन्दै उनले आन्तरिक स्रोत परिचालन तथा निजी क्षेत्रको सहभागितामा पूर्वाधारमा लगानी गर्नुपर्ने बताए। 'वैदेशिक सहायताबाट मात्र नेपालजस्तो मुलुकको पूर्वाधार लगानी सम्भव छैन।

साउतीका अध्यक्ष डा. पोषराज पाण्डेले गरिब राष्ट्रलाई विकसित राष्ट्रले आफ्नो अर्थतन्त्रको एक प्रतिशत सहायता दिने भने पनि पछि घटाएर ०.७ प्रतिशतमा झारेको जानकारी दिए। उनले सार्क विकासका लागि निर्धारण गरिएका १७ लक्ष्य र एक सय ६९ कार्ययोजनामध्ये नेपालले आर्थिक विकासका लागि आफ्ना प्राथमिकता छानेर काम गर्नुपर्नेमा जोड दिए।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीले सहस्राब्दी विकास लक्ष्यका केही लक्ष्य नेपालले प्राप्त गर्न नसक्ने बताए। विकसित राष्ट्रले गरिबी न्यूनीकरण गर्ने खर्चलाई अन्य कार्यमा खर्च गरेकोमा उनले आपत्ति जनाए। प्रविधि हस्तान्तरण तथा अनुदानका नाममा नेपालजस्ता गरिब मुलुकमा विकसित राष्ट्रले अनावश्यक खर्च थोपरेको उनको आरोप छ।

साउतीका कार्यकारी निर्देशक डा. हीरामणि घिमिरेले अन्तर्राष्ट्रिय सहायता साँच्चिकै चुनौतीपूर्ण रहेको भन्दै सन् २०१५ पछि लिइने विकास लक्ष्य लचिलो रहेको बताए। 'सहस्राब्दी विकास लक्ष्य २०१५ मा पूरा गर्न नसकिएका लक्ष्यलाई नै सार्क विकास लक्ष्यले आत्मसात् गरेको उनको भनाइ छ। एसिया तथा एसिया प्यासिफिकका अति कम विकसित मुलुकको स्तरोन्नतिबारेमा काठमाडौंमा तीनदिने मन्त्रिस्तरीय बैठक आगामी मंगलबारदेखि आरम्भ हुँदैछ।

यसबारे नेपालले आफ्नो धारणा बनाउनुपर्ने उनको सुझाव छ। सन् २०११ मा स्तानबुलमा भएको अल्पविकसित मुलुकको चौथो राष्ट्रसंघीय सम्मेलनले पारित गरेको खाका र लक्ष्यअनुरूप यस क्षेत्रका मुलुकको स्तरोन्नति कसरी गर्ने भन्नेमा नै छलफल हुनेछ। सबैले आफ्नो मुलुकको स्तरोन्नतिको अवस्था र लक्ष्य सम्मेलनमा पेस गर्नेछन्। सोही प्रस्तुत लक्ष्यमा आधारित रहेर छलफल हुनेछ।




तस्विर : अन्नपूर्ण

साउतीले राजधानीमा आइतबार आयोजना गरेको 'सहस्राब्दी विकास लक्ष्य २०१५ पछिका विकास योजना तथा १८औं सार्क शिखर सम्मेलन : नेपालको दृष्टिकोण,' विषयक कार्यक्रमका सहभागी।